जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ४९ २०७९ साल भदौं २९ गते बुधबार (14 Sep 2022 Wedneday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा ५५ देशको दुई खर्ब २८ अर्ब. ३ पृष्ठमा : दुई सय ९० स्थानीय तहमा ... ३ पृष्ठमा :दक्षिण भारतको ...

# दुई बर्षमा सबै भुमिहिनलाई जग्गा उपलब्ध हुने : मन्त्री श्रेष्ठ



**दैनिक समाचारदाता राजविराज, २८ भदौ ।**

भुमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले ४९ हजार जग्गाबिहीनलाई जग्गाको मालिक बनाइसकिएको जानकारी दिएकी छिन् ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ मा मंगलबार भूमिहीनलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्न आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले सो कुरा बताएकी हुन् ।

उनले भुमी आयोग गठन भएपछि ४९ हजार जग्गाबिहीनलाई जग्गा उपलब्ध गराइसेको भन्दै अबको दुई बर्षमा सबै भुमिहिनलाई जग्गा उपलब्ध हुने दाबी समेत गरिन् ।

यस बर्षमा ३ सय पालिकामा काम भइरहेको र अर्को बर्ष सबै भुमिहिनलाई जग्गा उपलब्ध हुने बताउँदै उनले विगतमा लालपुर्जासँग भोटको राजनीति गर्न चाहेकोले भुमिहिनले जग्गा पाउन नसकेको दुखेसो पोखिन् । मन्त्री श्रेष्ठले अब पनि लालपुर्जासँग अब पनि कसैले भोटको राजनीति गर्न खोजे प्रतिवाद गर्न आग्रह गरिन ।

निर्वाचनको आचारसंहिताको बहानामा पनि लालपुर्जा वितरण नरोकिने भन्दै उनले यो नियमित प्रक्रिया भएको र जिल्ला भुमि आयोगले जहिले पनि दिन सक्ने उल्लेख गरिन् ।

# जिल्लामा पहिलो पटक विउ विजन विक्रि वितरण फलदायी र व्यवस्थित वनाउन परिक्षा



**दैनिक समाचारदाता राजविराज, २८ भदौ ।**

कृषि ज्ञान केन्द्र सप्तरीले जिल्लामै पहिलो पटक विउ विजन व्यवसायलाई सुरक्षीत, भरपर्दो, व्यवस्थित र फलदायी बनाउन विक्रेता अनुमती पत्र (लाईसेन्स) का लागी परिक्षा विधीको प्रयोग गरेको छ ।

मंगलवार जिल्लाभरबाट आएका विउ विजन उत्पादक तथा इच्छुक विक्रेताहरको अनुमती पत्रका लागी पुर्व परिक्षा लिइएको हो ।

राजविराजस्थित कृषि ज्ञान केन्द्रको परिसरमा कृषि सम्बन्धि वस्तुगत प्रश्नहरु समावेश गरी ५० मिनेटको समय दिएर लिइएको परिक्षामा ३५ जना उत्तिर्ण भएका छन् ।

परिक्षा सकेको ४ घण्टा भित्रै उत्तर पुस्तिका जाँच गरी नतिजा घोषित गरिएको छ । परिक्षामा जिल्लाभरका ६० जना विउविजन उत्पादक र व्यवसायी सहभागी थिए ।

पुर्व परिक्षामा उत्तिर्ण भएकाहरुलाई लहान पठाई विउ विजन उत्पादन अनुमती पत्र प्रदान गरिने कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवले बताए ।

कृषि ज्ञान केन्द्र र विउ विजन गुणस्तर नियन्त्रण केन्द्र हरिहर भवनको संयुक्त आयोजनामा कृषि सम्बन्धि प्रश्नावली तयार गरी परिक्षा र विउ विजन उत्पादन तथा व्यवसाय सम्बन्धि तालिमको व्यवस्था मिलाइएके उनले जानकारी दिए ।

जिल्लामा कतिपय तालिम नै नलिएका, अनुमती पत्र नविकरण नगरेका र कतिपय अनुमती पत्र नै नलिई विउ विजनको कारोबार गरिरहेको जानकारी आएपछी यसको अनुगमण र प्रकृयामा कडाई गरिएको कृषि अर्थ विज्ञ किसुन देव राउतले बताए ।

कृषि ज्ञान केन्द्रले २०७९ भदौ १० गते सुचना प्रकाशन गरी विउ विजन विक्रि वितरण क्षेत्रमा काम गर्न चाहने इच्छुक ब्यक्तिहरुको आवेदन माग गरेको थियो । पहिलो चरणमा ३५ जनालाई समावेश गर्ने कार्यक्रम रहेकोमा ६० जनाले आवेदन बुझाएका थिए ।

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ।।।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### कारागारको जिर्ण भवन तथा अन्य समस्याप्रति ध्यान पुगोस्

नेपालकै पुरानो कारागार मध्ये एक राजविराज कारागार विगत लामो समयदेखी जिर्ण भवनका साथ विभिन्न समस्या झेलिरहेको छ । राजविराज कारागार धेरै समस्याले ग्रसित छ । कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु रहेका छन् ।

यस बाहेक कारागारमा विभिन्न समस्याहरु छन् । विगतमा कैदीबन्दीहरु आफ्ना समस्या सम्बोधन नभएकै कारण आन्दोलन समेत गर्नु परेको उदाहरणहरु प्रसस्तै छन् । कहिले नाइकेका कारण त कहिले त्यहा संचालित पसलमा चर्को मुल्य तिरेर सामान खरीद गर्ने लगायतका । यता कारागारकै जग्गा अतिक्रमित समेत हुन पुग्दा स्थानिय प्रशासनले मौनता साधेको छ । आफ्नो जग्गा अतिक्रमण भएको विषयमा कुनै ठोस निर्णय समेत गर्न सकेको छैन् । हाल क्षमता भन्दा तेब्बर कैदीबन्दी रहेको यस कारागारमा समस्या समस्याले नै पीडित छ ।

तसर्थ यी समस्याहरुलाई समाधान गर्नेतर्फ कारागार प्रशासनदेखी स्थानिय प्रशासनसम्मले ठोस पहल गर्नु आवश्यक छ ।

# नेपालमा ५५ देशको दुई खर्ब २८ अर्ब प्रत्यक्ष वैदेशिक लगानी, कुन क्षेत्रमा कति ?

काठमाडौँ, २८ भदौ (रासस) ।

नेपालमा संसारका विभिन्न ५५ देशको रु दुई खर्ब २७ अर्ब ९५ करोड बराबरको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा कूल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात अघिल्लो वर्षको तुलनामा १४ दशमलव आठ प्रतिशतले वृद्धि भएको हो ।

कूल वैदेशिक लगानीमध्ये चुक्ता पुँजीको अंश ५३ दशमलव नौ प्रतिशत, सञ्चितिको ३१ दशमलव छ प्रतिशत र कर्जाको अंश १४ दशमलव पाँच प्रतिशत रहेको छ । चुक्ता पुँजीको अंश १३ दशमलव सात प्रतिशतले बढेकाले कूल प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि भएको केन्द्रीय बैंकको विवरणमा उल्लेख छ ।

प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी यस्तो लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले प्रत्यक्ष वैदेशिक लगानीका सम्बन्धमा प्रत्येक वर्ष स्थलगत सर्वेक्षण गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

आव २०७७/७८ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कूल एक सय ९७ वटा कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा अन्य विवरणको विश्लेषणका आधारमा 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७७/७८' तयार पारिएको केन्द्रीय बैंकले जनाएको छ ।

विसं २०७८ असार मसान्तसम्ममा नेपालमा ५५ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । त्यसमा भारतबाट सबैभन्दा बढी अर्थात् रु ७५ अर्ब ८१ करोड र त्यसपछि क्रमशः चीनबाट रु ३३ अर्ब, आयरल्याण्डबाट रु १६ अर्ब ४८ करोड, सिङ्गापुरबाट रु १५ अर्ब ४८ करोड र सेन्ट किट्स एण्ड नेभिसबाट रु १४ अर्ब ५१ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६० दशमलव पाँच प्रतिशत औद्योगिक क्षेत्रमा र ३९ दशमलव चार प्रतिशत सेवा क्षेत्रमा रहेको देखिन्छ । औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत् क्षेत्रमा ३० दशमलव आठ प्रतिशत र उत्पादन क्षेत्रमा २९ दशमलव पाँच प्रतिशत वैदेशिक लगानी रहेको देखिन्छ ।

यसैगरी कूल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६ दशमलव नौ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ । वैदेशिक लगानीमा सञ्चालित उत्पादनमूलक कम्पनीको क्षमता उपयोग ६४ दशमलव नौ प्रतिशत रहेको पाइएको छ भने नाफाको दर करिब १४ दशमलव सात प्रतिशत रहेको छ ।

# नेपालले पाकिस्तानलाई पठायो २२ टन भन्दाबढी मानवीय सहायता सामग्री

काठमाडौँ, २८ भदौ (रासस) ।

नेपाल सरकारले विपद्मा परेको पाकिस्तानलाई राहतस्वरुप २२ टनभन्दा बढी अत्यावश्यक मानवीय सहायता सामग्री पठाएको छ ।

पाकिस्तानमा हालैको बाढीपहिरोजन्य घटनाका पीडितलाई राहतस्वरुप सहायता सामग्री उपलब्ध गराइएको परराष्ट्र मन्त्रालयले जनाएको छ । उक्त सहायता सामग्री राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडीए तीन सय ३० जहाजमार्फत पाकिस्तानको कराँची सहर पठाइएको हो ।

विपत्तिमा परेको पाकिस्तान सरकार र जनताको सहयोगस्वरुप २२ टनभन्दा बढी राहत सामग्री पठाइएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिनुभयो । राहत सामग्री कराँची पठाउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता लम्सालले अत्यावश्यक औषधि तथा राहत सामग्री पठाइएको बताउनुभयो ।

यो सहायता सामग्री नेपाल सरकारले एकैपटक उपलब्ध गराएको हालसम्मकै ठूलो राहत भएको प्रवक्ता लम्सालको भनाइ छ । "हाल पाकिस्तानलाई प्रदान गरिएको राहत सामग्री नेपाल सरकारद्वारा एकैपटकमा कुनै मुलुकलाई प्रदान गरिएको हालसम्मकै ठूलो परिमाणको सामग्री हो ।" नेपालबाट प्रदान गरिने राहत सामग्रीको संयोजन तथा समन्वयमा परराष्ट्रमन्त्री डा नारायण खड्काको निरन्तर पहलबाट भएको मन्त्रालयले जनाएको छ ।

विमानस्थलमा परराष्ट्रमन्त्री डा नारायण खड्काले कराँची जाने टोलीलाई बिदाइ गर्नुभएको थियो । राहत सामग्री हस्तान्तरण गर्न परराष्ट्र मन्त्रालयका प्रवक्ता लम्सालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल कराँची प्रस्थान गरेको हो । टोलीमा गृहमन्त्रालय, अर्थमन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वास्थ्य सेवा विभागका पदाधिकारी तथा सञ्चारकर्मी सहभागी हुनुहुन्छ । विमानस्थलमा परराष्ट्रमन्त्री डा खड्काले कराँची जाने टोलीलाई बिदाइ गर्नुभएको थियो ।

पाकिस्तानका बाढीपीडितलाई उपलब्ध गराइएको राहत सामग्रीमा अत्यावश्यक औषधि, खाद्यवस्तु, लत्ताकपडालगायत छन् । ती सामग्री कराँचीस्थित जिना अन्तर्राष्ट्रिय विमानस्थमा पाकिस्तान सरकारका सम्बद्ध पदाधिकारीलाई एक कार्यक्रमकाबीच हस्तान्तरण गर्ने कार्यक्रम रहेको प्रवक्ता लम्सालले बताउनुभयो ।

पाकिस्तानमा हालै आएको मनसुनी वर्षापछिको विनाशकारी बाढीले ठूलो जनधनको क्षति भएकामा उक्त बाढीले पुऱ्याएको क्षतिप्रति समवेदना प्रकट गर्दै नेपाल सरकारोतर्फबाट पाकिस्तान सरकार तथा जनतालाई सहायतास्वरुप यही भदौ २१ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो ।

नेपाल एयरलाइन्सको उडान नं २१७१ जहाजले काठमाडौँ-कराँची उडान भरी साँझ कराँचीबाट काठमाडौँ फर्कने उडान तालिका रहेको छ । राहत सामग्री बोकेको जहाज केहीबेरअघि कराँची प्रस्थान गरेको विमानस्थल कार्यालयले जनाएको छ ।

मित्रराष्ट्रराष्ट्र पाकिस्तानसँग २० मार्च १९६० मा कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै दुईदेशबीच घनिष्ट सम्बन्ध रहँदै आएको छ । दुवै मुलुककाबीचमा सरकार तथा जनस्तरमा सहयोगात्मक सम्बन्ध विद्यमान हुनुका साथै प्राकृतिक प्रकोपका समयमा एकआपसमा सहयोग गर्ने परम्परा रहेको छ ।

नेपाल सरकारले यसअघि सन् २०१० मा पाकिस्तानलाई नगद रु एक करोड सहयोग गरेको थियो । पाकिस्तानले पनि विसं २०७२ को विनाशकारी भूकम्पका पीडितलाई राहतस्वस्प नेपाललाई आवश्यक मानवीय सहायता उपलब्ध गराएको थियो ।

# बजारमा नयाँ सुपर स्प्लेन्डर

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ भदौ ।**

विश्वको सबैभन्दा ठूलो मोटरसाइकल तथा स्कुटर निर्माता कम्पनी हिरो मोटोकर्पले नेपालमा आफ्नो उच्च वृद्धि रणनीतिलाई निरन्तरता दिँदै नयाँ सुपर स्प्लेन्डर सार्वजनिक गरेको छ ।

प्रिमियम बोल्ड डिजाइन र नवीनतम प्रविधिका साथ नयाँ हिरो सुपर स्प्लेन्डर सुपर-पावर, सुपर-माइलेज र सुपर-कम्फर्टको तेब्बर (ट्रिपल) प्रतिज्ञाका साथ ल्याइएको हो ।

परिष्कृत ईन्धन दक्षता प्रदान गरेको यस मोटरसाइकललाई नयाँ डिजी-एनालग क्लस्टर, इन्टिग्रेटेड यूएसबी चार्जर, साइड-स्ट्यान्ड इन्जिन कट-अफ र रिफ्रेस लुकजस्ता रोमाञ्चक नयाँ सुविधाहरूले पावर-प्याक गरिएको कमपनीले जनाएको छ ।

हिरो मोटोकर्पले सन् २०१० मा नेपाल जनरल मार्केटिङ प्राइभेट लिमिटेड ( एनजिएम) लाईआफ्नो आधिकारिक वितरक नियुक्त गरि नेपालमा प्रवेश गरेको थियो । यसले नेपालमा ८२ डिलरसीप, ९३ सर्भिस सेन्टर र ९१ भन्दा बढी स्पेयर पार्ट्स आउटलेट सहित २६६ भन्दा बढी सम्पर्कस्थानमार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

हिरोका उत्पादनहरूमा एचएफ डिलक्स, स्प्लेन्डर प्लस, सुपर स्प्लेन्डर, ग्ल्यामर, ग्ल्यामर एक्सटेक, हंक १५०आर, एक्सट्रीम १६०आर, एक्सट्रीम २००आर, प्लेजर, माएस्ट्रो एज, डेस्टिनी १२५, माएस्ट्रो एज १२५, एक्सपल्स २००टी र एक्सपल्स २०० फोरभी रहेका छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई सय ९० स्थानीय तहमा बालसंरक्षण कार्यविधि

काठमाडौँ, २८ भदौ (रासस)।

बालअधिकार महासन्धीको कार्यान्वयनका क्रममा हालसम्म मुलुकका दुई सय ९० स्थानीय तहमा बालअधिकार संरक्षण तथा संवर्द्धनसम्बन्धी कार्यविधि तर्जुमा गरिएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्को आव २०७८/७९ को तथ्याङ्कअनुसार दुई सय छ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन र दुई सय तीन तहमा बालकल्याण अधिकारी तोकिएको छ । यस्तै एक सय ८० तहमा बालकोष स्थापना भई सञ्चालनमा आएको छ ।

राष्ट्रिय योजना आयोगको सन् २०२० को तथ्याङ्कअनुसार पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ७७.२ प्रतिशत पुगेको छ । नेपालमा बालश्रम प्रतिवेदन, २०२१ अनुसार नेपालमा अझै पनि पाँचदेखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न छन् ।

नेपालले बालअधिकार महासन्धीमा १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको सन्दर्भमा हरेक वर्ष भदौ २९ मा मनाइने राष्ट्रिय बाल दिवसको पूर्वसन्ध्यामा मंगलबार आयोजित राष्ट्रिय कार्यशालामा बालबालिकासम्बन्धी ऐनका मुख्य व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय सरकार थप जिम्मेवार हुन आग्रह गरिएको छ ।

बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी प्रवर्द्धन तथा स्थापनाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चले बालदिवसका सन्दर्भमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग र जागृति बाल तथा युवा सरोकार नेपालको सहकार्यमा सो कार्यक्रम गरेको हो । बालमैत्री स्थानीय शासन अभियानको प्रगति, चुनौती र भावी कार्यदिशाका विषययमा आयोजित सो कार्यशालामा स्थानीय तहमा बालमैत्री शासनको प्रवर्द्धन हुनुपर्ने बताइएको थियो ।

बालविवाह, भेदभाव, महिनावारी समस्या, बालबालिकालाई फरकफरक शौचालयको कमी, यौन हिंसा, अपहेलना, सामाजिक कुरीति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका बालबालिकालाई दुर्व्यवहार, अनलाइन हिंसा जस्ता समस्याका रूपमा बालबालिकाको चौतर्फी विकासका बाधकका रूपमा कायमै रहेको वक्ताहरुको भनाइ छ ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका पूर्वआयुक्त गौरी प्रधानले बालबालिकाका लागि सबल वातावरण सबै उमेर समूहका लागि सहज हुने तर अरु उमेर समूह केन्द्रित वातावरण सबैका लागि सबल नहुने बताउनुभयो । त्यसका लागि बालबालिकामा लगानी बढाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका बाल संरक्षण तथा विकास शाखाका उपसचिव कृष्ण थापा, बालअधिकार परिषद्का तर्फबाट डा देवकी आचार्य, परिषद्का पूर्वकार्यकारी निर्देशक मिलनराज धरेल, मञ्चका संयोजक अध्यक्ष तिलोत्तम पौडेल, नागरिक सङ्घसंस्थाको सञ्जालका तर्फबाट बेनुमाया गुरुङलगायतले बालअधिकारको संरक्षणका लागि स्थानीय तहले सक्रियता अपनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

नेपाल सरकारका पूर्वसचिव रेश्मीराज पाण्डेले कानूनी तथा नीतिगत हिसाबले सबल बालअधिकार तथा बालमैत्री अभियानलाई विद्यमान व्यवस्थाको समयानुकूल संशोधनका साथ कार्यान्वयनमा विशेष जोड दिनुभयो । यस वर्षको राष्ट्रिय बालदिवस 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी समाज' भन्ने नाराका साथ देशव्यापीरूपमा मनाउन लागिएको छ ।

# काठमाडौँ विश्वविद्यालयमा योग शिक्षा अध्यापन सुरु

काठमाडौँ, २८ भदौ (रासस)।

काठमाडौँ विश्वविद्यालयले स्नातक तहको चार वर्षे कोर्समा योगसम्बन्धी पठनपाठन सुरु गरेको छ ।

'स्कूल अफ आर्ट्स र स्कूल अफ मेडिकल साइन्सेज'ले संयुक्तरुपमा 'योगिक साइन्स र वेलविइङ' विषय सुरु गरेको हो । उच्च क्षमतायुक्त योग विज्ञ तथा अन्वेषकबाट अध्यापन हुने यो कोर्सको सबै व्यवस्थापन स्कूल अफ आर्ट्सले गरेको विश्वविद्यालयले जनाएको छ ।

अन्तर्राष्ट्रियरुपमै विश्वविद्यालय तहमा योगको अध्यापन हुनुपर्छ भन्ने मान्यतासमेत विकसित भइरहेकाले त्यसलाई मध्यनजर गरेर विश्वविद्यालयले यस विषयको पठनपाठन सुरु गरेको जनाएको छ ।

विश्वविद्यालयले योग शिक्षाका माध्यमद्वारा ज्ञान र विज्ञानलाई पूर्वीय र पाश्चात्य दर्शनसँगै संयोजन गर्दै सकारात्मक सोच, नैतिकता, निष्ठा र विश्वमा आत्मीय सौहार्दपूर्ण वातावरण सिर्जना र परिपूर्ति गर्ने उद्देश्य लिएको विश्वविद्यालयले जनाएको छ ।

अध्ययनका क्रममा विद्यार्थीले विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सहकार्य गर्दै प्रयोगशाला, आरोग्य केन्द्र, आश्रम, गुरुकूल तथा योग संस्थामा प्रयोगात्मक प्रशिक्षण र इन्टर्नशिप तथा अनुसन्धान गर्ने अवसर पाउने विश्वविद्यालयले जनाएको छ ।

अरु विश्वविद्यालयको तुलनामा योगसँग सम्बन्धित व्यापक र गहन विषय समावेश गरी योगलाई अनुसन्धान र प्रविधियुक्त बनाउन लागिएकाले उच्च शिक्षामा गुणस्तरीय जनशक्ति उत्पादनमा सघाउ पुग्ने बताइएको छ ।

# मतपत्र छपाइको प्रक्रिया सुरु

काठमाडौँ, २८ भदौ (रासस)।

निर्वाचन आयोगले आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मतपत्र छपाइको प्रक्रिया सुरु गरेको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट समानुपातिक निर्वाचनको मतपत्र छाप्न प्रक्रिया सुरु भएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । नमूना मतपत्र छाप्ने कार्य सम्पन्न भएपछि समानुपातिकको मतपत्रको प्रक्रिया अगाडि बढाइएको हो । आयोगले यही भदौ १५ देखि आगामी असोज १ गतेसम्म उम्मेदवारको नामको बन्द सूची तयार गर्न राजनीतिक दललाई समय तोकेको छ । दलले असोज २ र ३ गते आयोगमा बन्द सूचीमा रहेका उम्मेदवारको नाम पेश गर्नुपर्ने छ ।

सम्बन्धित पार्टीले सूचीमा रहेका उम्मेदवारको नाम सच्याउन चाहेमा असोज ४ देखि ९ गतेसम्म गर्नुपर्ने र त्यसका आधारमा आयोगले १० देखि १६ गतेसम्म संशोधनको समय सिमा राखेको छ । त्यस्तै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा १७ गतेको तालिका तय गरिएको छ ।

रिक्त स्थानमा परिवर्तन गर्नुपर्ने नाम दलले २० देखि २२ गतेसम्म आयोगमा बुझाउनुपर्ने व्यवस्था छ । त्यस्तै २३ देखि २९ गतेसम्म दावी बिरोधका लागि समय राखिएको छ । यही असोज ३० देखि कात्तिक ५ गतेसम्म आयोगले जाँचबुझ गरी ८ गते सूचीबाट नाम हटाउने छ । आयोगले कात्तिक ९ गते अन्तिम नाम प्रकाशन गर्ने कार्यतालिका छ ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### दक्षिण भारतको सिकन्दराबादको होटलमा आगलागी, आठ जनाको मृत्यु

नयाँदिल्ली, २८ भदौ (रासस/सिन्ह्वा)।

भारतको दक्षिणी राज्य तेलङ्गानाको सिकन्दराबाद शहरस्थित एउटा होटलमा आगलागी हुँदा आठ जनाको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् ।

सोमबार राति भएको आगलागीमा परी घाइते भएकाको स्थानीय अस्पतालमा भर्ना गरिएको तथा केहीको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् ।

दुई वटा तलामा विद्युतीय मोटरसाइकलको प्रदर्शनी कक्ष रहेको बहुतले उक्त होटलमा आगो लाग्दा त्यहाँ राखिएका सबै मोटरसाइकल जलेका छन् । आगलागीको कारण खुलेको छैन । स्थानीय वारुणयन्त्रका एक जना अधिकारीले आठ वटा शव होटलको भवनबाट निकालेको र सात जना घाइतेलाई अस्पताल भर्ना गरिएको बताएका छन् । होटल भवनको सबैतिर मानिस भएनभएको खोजी गरिएको र आगो पूर्णरूपमा निभाइएको उनले बताए ।

### द्वन्द्वग्रस्त क्षेत्रबाट पचहत्तर हजारलाई निकालियो

किएभ, २८ भदौ (रासस/सिन्ह्वा)।

युक्रेनका द्वन्द्वग्रस्त क्षेत्रबाट ७३ हजारभन्दा बढी सर्वसाधारणलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । युक्रेनी पुनर्मिलन मन्त्रालयका अनुसार डोनेट्स्क क्षेत्रबाट एक महिनामा करिब ३० हजार जनालाई किएभ नियन्त्रित स्थानमा सारिएको युक्रेनी पुनर्निर्माण मन्त्रालयले जनाएको छ ।

डोनेट्स्क क्षेत्रका साथै रूस नियन्त्रित दक्षिण युक्रेनको खेरसन र जापोरिज्जिया क्षेत्रबाट ५० हजार जनालाई किएभ नियन्त्रित स्थानमा सारिएको छ । युक्रेनले गत अगष्टदेखि आफ्ना नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण थालेको हो । उपप्रधानमन्त्री इरिना भेरेश्चुकले द्वन्द्वग्रस्त अन्य क्षेत्रबाटबाट पनि नागरिकहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने बताउनुभएको छ ।

### क्यानडामा दिनदहाडै प्रहरी अधिकारी मारिए

ओटावा, २९ भदौ (रासस/सिन्ह्वा)।

चक्कु प्रहारबाट दश जनाले ज्यान गुमाएका र १५ जना घाइते भएका घटना सेलाउन नपाउँदै क्यानडाको सबैभन्दा ठूलो शहर टोरोन्टोमा एक जना प्रहरी अधिकारीको गोली प्रहारबाट मारिएका छन् ।

गोली प्रहार गरेको आरोपको एकजना सन्दिग्धलाई प्रहरीले पक्राउ गरेको छ । घटनामा घाइते भएका अन्य दुईजनालाई अस्पताल भर्ना गरिएको छ । घाइतेको परिचय खुलाइएको छैन । सशस्त्र आक्रमणकारीबाट जोगिन प्रहरीले सर्वसाधारणलाई चेतावनीयुक्त सूचना जारी गरेको छ । प्रहरीले आक्रमणकारीहरूको खोजी तथा घटनाको अनुसन्धान गरिरहेको बताएको छ ।

### न्युजिल्याण्डमा दुई हजार कोभिड सङ्क्रमित, छयालीसको मृत्यु

वेलिङटन, २८ भदौ (रासस/सिन्ह्वा)।

न्युजिल्याण्डमा कोभिडबाट सोमबार मात्र करिब दुई हजार जना सङ्क्रमित भएको बताइएको छ । यहाँका स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ कोभिडबाट एक हजार नौ सय ४१ जना सङ्क्रमित भएका हुन् ।

सो मन्त्रालयले मङ्गलबार दिएको जानकारीअनुसार उक्त सङ्क्रमण गएका केही हप्ताको तुलनामा अहिले कम हुँदै गएको छ । साथै सोमबार यहाँका ४६ जना सङ्क्रमित यो सङ्क्रमणबाट मृत्यु भएको पनि बताएका छन् ।

जुलाई महिनाको सुरुको हप्तामा यहाँ दैनिक नै दश हजार जनामा सङ्क्रमण हुने गरेको थियो । तर पछिल्लो समयमा यो सङ्ख्या घट्दै गएको र अहिले आएर दैनिक करिब दुई हजार जनामा मात्र यो सङ्क्रमण भएको पाइएको बताएको छ ।

यहाँ कोभिडको सङ्क्रमण सुरु भएदेखि सन् २००० यतादेखि अहिलेसम्म १७ लाखभन्दा बढीमा यो सङ्क्रमण भएको बताइएको छ । यहाँ यो सङ्क्रमणबाट हुने मृत्युदरमा भने कमी आएको पनि बताइएको छ ।

यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यो सङ्क्रमणबाट यहाँका एक हजार ९६२ जना व्यक्तिको मात्र निधन भएको जनाएको छ ।

# वनसखण्डीमा पुजा गर्दा पानी र सालको रुखमा आँप फल्छ



**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

सप्तरीको तिरहुत गाउँपालिका ५ स्थित बाबा वनसखण्डीको मन्दिर अहिले ओझेलमा पर्दै गएको छ। धार्मिक पर्यटकिय स्थलको रुपमा विश्वास गर्ने भनिए पनि सम्बन्धित निकायको उदासिनताले तीन सय वर्ष इतिहास बोकेको प्रसिद्ध र पवित्र स्थल ओझेलमा परेको हो।

मन्दिरका मुल पुजारी ७२ वर्षिय कोकन दासका अनुसार यहाँ खडेरीका बेला बर्षाका लागि जिल्लाका प्रशासक तथा जनप्रतिनीधी समेतको उपस्थितिमा पानी माग्दै विशेष पुजाआजा हुने गर्छ। यहाँस्थित सालको रुखमा आँप फल्ने चमत्कारीक दृश्य देख्न पाइने यस स्थलमा अन्य मनोकाँक्षा लिएर समेत श्रद्धालु भक्तजनहरुले पुजा आजा गर्ने र इच्छित मनोकामना पुरा हुने मूल पुजारी दास बताउँछन्।

उनका अनुसार बाबा वनसखण्डीको ध्यान गर्दा कै अवस्थामा निधन भएका कारण सोही ठाँउमा उनको समाधी बनाएर मन्दिर स्थापना गरी पुजाआजा हुदै आएको हो।

यस ऐतिहासिक र प्रशिद्ध धार्मिक स्थलको विकासका लागि ध्यानाकर्षण स्वरुप गाउँपालिकाको पहलमा भव्यरुपमा बाबा वनसखण्डीको जन्मजयन्ति मनाउन थालिएको छ।

जन्मजयन्ति मनाउने क्रममा उक्त मन्दिरमा रहेको बाबा वनसखण्डीको समाधीस्थललाई विशेष सुसज्जित गरी पुजापाठ र धार्मिक अनुष्ठान थालिएको छ। यो क्रम एक साता सम्म चल्ने छ। यस अवसरमा आयोजना गरिएको कलश यात्रामा महिलाहरुको उल्लेख्य सहभागिता रहेको र कलश यात्राका सहभागीलाई गाउँपालिका अध्यक्ष बिजय यादवले नै पोशाक उपलब्ध गराएका छन्।

यो जन्मजयन्ति महोत्सवले बाबा वनसखण्डी मन्दिरको प्राचिन इतिहास र यसको महिमालाई उजागर गरी यस स्थललाई धार्मिक पर्यटकस्थलको रुपमा विकास गर्न मदत पुऱ्याउने गाउँपालिका अध्यक्ष यादवको विश्वास छ।

गाउँपालिकाका अध्यक्ष यादवले आफ्नोस्तरबाट प्रयास सूरु गरेपनि प्रदेश तथा संघिय सरकार समेतले यस प्रति चासो लिनु जरुरी रहेको बताएका छन्।

यस मन्दिरको स्थापनाको समयबारे यकिन गर्न सक्ने कुनै आधार नभएपनी ३ सय वर्ष पुरानो भएको अनुमान स्थानीयले ब्यक्त गर्ने गरेका छन्। स्थानीय ७५ वर्षिय ललित यादव भन्छन-परापुर्व कालदेखि नै यस मन्दिरमा स्थानीय मात्र होइन, खडेरीका बेला पानी माग्दै सदरमुकाम राजविराजबाट प्रसासक देखी जनप्रतिनीधी सम्म आउने गरेका छन्।

सुरुमा फुसको संरचनामा रहेको उक्त मन्दिरलाई २०४८ साल कार्तिक १ गते स्थानीय समाजसेवी डोमी महात्मानको सहयोगमा पक्कीमा परिणत गरिएको थियो। मन्दिर भित्र पुरातत्विक महत्वको शिलालेख पनि देखिएको छ। यस्तै प्राचिनकाल कै एउटा पोखरी पनि उक्त मन्दिर छेउमा रहेको छ। जहाँको पवित्र जल लिएर भक्तजन पुजामा चढाउने गर्छन। उक्त पोखरी पनि बाबा वनसखण्डीले नै निर्माण गरेको स्थानीय बताउँछन।

# थप दुई सय तीनमा कोरोना संक्रमण पुष्टि

काठमाडौं, २८ भदौ (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप दुई सय तीन जनामा कोभिड संक्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार ५९ को नमूना परीक्षण गरिएको थियो। एक हजार तीन सयले पिसिआर र तीन हजार सात सय ५९ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा चार लाख २९ हजार आठ सय सातले कोभिडविरुद्धको खोप लगाएका छन्। आज एक सय २६ कोरोना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८४ हजार सात सय १० पुगेको छ। संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

# पोखरीमा डुबेर बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा मंगलबार पोखरीमा डुबेर एक बालकको ज्यान गएको छ।

सो नगरपालिका वडा नं. ७ भगवतपुर निवासी सचिन्द्र सदाको ५ वर्षिय छोरा सुदिपकुमार सदाको पोखरीमा खेल्ने क्रममा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार स्थानिय बसन्त सरदारको जग्गामा बनाइएको पोखरीमा बालक सदा डुबेर बिरामी हुँदा उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषित गरेका थिए।

मृतक बालकको बुवा बैदेशिक रोजगारमा रहेको तथा आमा घटनाका समयमा तरकारी लिन गोलबजार गएको प्रहरीले जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# भैसीले धान बालि खादा भएको कुटपिटमा चार जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

भैसीले छिमेकी खेतमा लगाइएको धान बालि खाएको विषयमा मंगलबार कुटपिट हुँदा चार जना घाइते भएका छन्।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १ वैरवाका ४५ वर्षिय जोमुन मंसुरीको भैसीले सोही वडा निवासी ५० वर्षिय अलामुद्दीन मियाँको खेतमा लगाइएको धान बाली खाएपछि उत्पन्न विवादले कुटपिट हुँदा मियाँका परिवारका सदस्यहरु मिली मंसुरीको परिवारलाई कुटपिट गरेका हुन्।

सो कुटपिटबाट मंसुरीसहित ७८ वर्षिया मदिना खातुन, १८ वर्षिया खुश्बु खातुन र ५० वर्षिय मो. इदरीत घाइते भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ।

घाइतेहरुको स्थानिय धर्मेश्वर अस्पतालमा उपचार भइरहेको तथा कुटपिटमा संलग्नहरु फरार रहेकोले उनीहरुको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# अदालतबाट सजाय पाएर फरार रहेका दुई प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

चोरी मुद्दाका फरार एक प्रतिवादीलाई प्रहरीले सोमबार पक्राउ गरेको छ। राजविराज नगरपालिका ६ बस्ने २१ वर्षिय गोपी भनिने किसन राउत मेहतरलाई प्रहरीले पक्राउ गरेको हो।

चोरी मुद्दामा अदालतबाट २०७८ चैत १४ गते उनलाई पाँच महिना कैद र रु पाँच हजार जरिवाना ठहर भएको थियो। सप्तरी जिल्ला अदालतबाट कैद सजाय ठहर भई फरार रहेका मेहतरलाई कैद भुक्तानका लागि राजविराज कारागार पठाइने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आरोपितले २०७७ कात्तिक १९ गते सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठी बस्ने ३१ वर्षीय भौली कामैतको घरबाट खसी चोरेका थिए।

यसैगरी सवारी ज्यान मुद्दामा फरार रहेका अर्को प्रतिवादी सप्तरीको सुरुङगा नगरपालिका-२ पिप्रा पश्चिमका ३५ वर्षीय शिवराज दाहाललाई समेत प्रहरीले पक्राउ गरेको छ।

अदालतले विसं २०७५ चैत ३ गते दाहाललाई एक महिना १५ दिन कैद ठहर गरेको थियो। कैद ठहर गरी फैसला गरेपश्चात फरार रहेका दाहाललाई खोजतलासको क्रममा सोमबार पक्राउ गरी कैद भुक्तानका लागि कारागार पठाएको छ।

उदयपुरगढी गाउँपालिकाउनस्-७ की ३१ वर्षीय सुशीला तामाङले स१त ५५५९ नंका ट्र्याक्टरधनी दाहालविरुद्ध उजुरी दिएका थिए।


## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np